# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, असोज २५ गते, २०७४ साल (संख्या २९

## भाग ३

नेपाल सरकार

**सूचना तथा संचार मन्त्रालयको**

**सूचना १**

अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७४

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

सुशासन (व्यावस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७४" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा ३ मा संशोधन : अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ (यस पछि "मूल निर्देशिका" भनिएको) को दफा ३ उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यो निर्देशिका प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारीता गर्न चाहने व्यक्ती वा संस्थाले. दर्ताको लागि विभागले तोकेको अवधिभित्र अनुसूचि- १ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ।"

३. मूल निर्देशिकाको दफा ६ मा संशोधन :- मूल निर्देशिकाको दफा ६ को उपदफा (१) मा रहेका "प्रत्येक बर्षको असार मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "प्रत्येक आर्थिक वर्ष सामास भएको मितिले तीन महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना २

### दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७)   काठमाडौं,   माघ २९ गते, २०७४ साल   (संख्या ५६


## भाग ५

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

**अनलाइन सञ्चारमाध्यम सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७४**

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "अनलाइन सञ्चार माध्यम सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा ६ मा संशोधन** : अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को

दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :–

"(१) दफा ५ बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अवधिभित्र विभागमा नवीकरण गराउनु पर्नेछ।"

आज्ञाले,
**केदारबहादुर अधिकारी**
**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, चैत्र १४ गते, २०७४ साल (संख्या ६१


## भाग ५

नेपाल सरकार

### सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा ५ बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले देहायको अवधिभित्र नवीकरण गराउनु पर्ने गरी तोकेकोले सोही निर्देशिकाको दफा ६ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

(क) यो सूचना प्रकाशन हुँदा नवीकरण हुन बाँकी रहेका अनलाइन सञ्चारमाध्यमले संवत् २०७५ साल वैशाख मसान्तभित्र,

(ख) आगामी आर्थिक वर्षदेखि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना अर्थात पुस महिना भित्र ।

आज्ञाले,

केदारबहादुर अधिकारी

सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५ ।-

गो.हु.द.नं. १६।२०६२।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ६८) काठमाडौं, असार २९ गते, २०७५ साल (संख्या १३**

## भाग ५

नेपाल सरकार

### सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

### सूचना

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा ५ बमोजिम संवत् २०७४ साल असार मसान्तसम्म दर्ता भएका अनलाइन सञ्चारमाध्यमले संवत् २०७५ साल असार मसान्तभित्र नवीकरण गराइसक्नु पर्ने गरी तोकेकोले सोही निर्देशिकाको दफा ६ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,<br>
महेन्द्र मान गुरुङ्ग<br>
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।–

गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# भाग ५

## नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

## सूचना

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा ५ बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यममध्ये यो सूचना प्रकाशन हुँदा नवीकरण हुन बाँकी रहेका अनलाइन सञ्चार माध्यमले संवत् २०७५ साल चैत मसान्तभित्र नवीकरण गराउनुपर्ने गरी तोकेकोले सोही निर्देशिकाको दफा ६ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**महेन्द्रमान गुरुङ**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३